# मंगला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# वावियाचौर,म्याग्दी
# गण्डकी प्रदेश, नेपाल ।




## राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिबेदन, २०७८ चैत्र
## ( Revenue Improvement Action Plan ,2078 )

**<u>पेश गर्ने</u>**

सहजकर्तासंस्था : स्पीड सोलुसन नेपाल प्रा.लि.
कुमार कंचन जी.सी. , विज्ञ सदस्य
प्रेम बहादुर राउत, कार्यक्रम संयोजक
सम्पर्क नं : ९८५६०६०५१७

## परामर्शदाताको तर्फबाट

### प्रतिवेदन तयारी

| | |
|---|---|
| **शिर्षक :** | मंगला गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण |
| **तयार गर्ने :** | कुमार कंचन जि.सी. र प्रेम बहादुर राउत |
| **सहयोग :** | मंगला गाउँकार्यपालिका कार्यालय,बावियाचौर,म्याग्दी |
| **मिति :** | चैत्र,२०७८ |

**कृतज्ञता ज्ञापन**

मंगला गाउँपालिकाको आन्तरिक राजस्व सुधार कार्ययोजना तयार गर्नका लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान,पोखराको आर्थिक सहयोगमा यस मंगला गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्ने कार्यको

जिम्मेवारी प्रदान गर्नु भएकोमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान एव गण्डकी प्रदेश स्थानिय शासन तथा क्षमता विकास कार्यक्रम (PLGCDP)र मंगला गाउँपालिका प्रति धन्यवाद दिन चाहान्छौ साथैहामीलाई आवश्यक सहयोग र समन्वय गर्नुहुने मंगला गाउँपालिका परिवार प्रति हामी कृतज्ञ छौ । तथ्यांक संकलन, संयोजन तथा प्रतिवेदन तयारीको विभिन्न चरणहरुमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने मंगलागाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौ ।

सहजकर्ता :
कुमार कंचन जि.सी.
प्रेम बहादुर राउत
सम्पर्क नं. ९८५६०६०५१७

# विषय सूची

**परिच्छेद– एक : परिचय ............................................................................... 4**

१.१पृष्ठभूमि............................................................................................ 4

१.२अध्ययनको उद्देश्य ................................................................................ 5

१.३अध्ययन विधि तथा प्रक्रिया ....................................................................... 5

१.३.१सन्दर्भ सामग्री संकलन तथा अध्ययन ............................................................ 5

१.३.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास .............................................. 6

१.३.३ तथ्यांक/सूचना संकलन .......................................................................... 6

१.३.४ कार्यशाला गोष्ठी ................................................................................. 6

१.४.अध्ययनको सीमा.................................................................................... 8

**परिच्छेद–दुई : राजस्व परिचालनको वर्तमान अवस्था तथा पुनरावलोकन ........................... 9**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ................................................................... 9

२.२ गाउँपालिकाको संगठन स्वरुप.................................................................... 10

२.३ राजस्व परिचालन सम्बन्धि नीतिहरु :............................................................ 11

२.४ गाउँपालिकाको आय समिक्षा..................................................................... 15

२.४.१ संचित कोष ...................................................................................... 15

२.५ गाउँपालिकाको आय समीक्षा गाउँपालिका...................................................... 15

२.५.१ आय परिचालनको वर्तमान अवस्था ............................................................ 16

**परिच्छेद– तीन : आन्तरिक आयसम्भावना विश्लेषण................................................. 21**

३.१ गाउँपालिकाको राजस्वअधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था........................ 21

३.२ प्रभावकारी राजस्वपरिचालनका प्रमुख पक्षहरु .................................................. 23

३.३ राजस्व प्रशासन तथा नीति सम्बन्धि सवालहरु.................................................. 24

३.४ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण.................... 25

**परिच्छेद– चार : राजस्व सुधार कार्ययोजना ......................................................... 32**

४.१ राजस्व सुधार कार्य योजना.......................................................................... 32

४.३ निष्कर्ष.................................................................................................. 39

**अनुसूचीहरु ............................................................................................... 47**

अनुसूची १ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची ......... 47_Toc512066468

अनुसूची २कार्यशाला गोष्ठीका तस्विरहरु ........................................................ 54

# परिच्छेद– एक : परिचय

## १.१ पृष्ठभूमि

राज्य शक्तिको बा“डफा“ड मार्फत स्थानीय सरकारलाई प्राप्त २२ एकल अधिकार र संघ तथा प्रदेश सरकार स“गको साझा अधिकारको परिपालना गाउँपालिकाका लागि थप अवसरको रुपमा प्राप्त भएका छन्। यिनै अधिकारको आधारमा गाउँपालिकाले वार्षिक तथा आवधिक योजना बनाउने गरिन्छ। अधिकांश योजनाहरु खर्चस“ग सम्वन्धित पर्दछन । यस राजस्व सुधार कार्ययोजना पालिकाको आम्दानीको लागि बनाईएको योजना हो जुन तिन वर्षका लागि तर्जुमा गरिएको छ र गाउँपालिकाले आवश्यकतानुसार समय समयमा पुनरावलोकन गरी सुधार गर्दै जाने विषय पनि यसै कार्ययोजना भित्र रहेको छ ।

नेपालको संविधान र प्रचलित कानूनले आर्थिक तथा प्रशासनिक क्षमताका आधारमा भंसार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयकर लगाउने अधिकार संघीय सरकारलाई दिएको छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर, कृषिमा आयकर लगाउने अधिकार प्रदेश सरकारको अधिकार क्षेत्रभित्र राखिएको छ भने मालपोत/भूमिकर, सम्पत्ति कर, साना सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, वातावरण शुल्क, घर बहाल कर र व्यवसाय करलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। यसैगरी गैर करहरुमा राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना लगाउने अधिकार संघीय सरकारलाई, पर्यटन शुल्क, सेवा शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार प्रदेश सरकारलाई र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार स्थानीय सरकारलाई दिइएको छ। प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै तहको सरकारले पाउने व्यवस्था गरिएको छ। सबै तहले अधिकारको प्रयोग गर्दा कानुन बनाएर गर्नु पर्ने व्यवस्था छ भने कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

स्थानीय तहका प्रत्येक गाउँपालिकाले राजस्व असुली तथा खर्च सम्बन्धी बिषयमा सम्बन्धीत सभा समक्ष विधेयकको रुपमा प्रस्ताव राखी सो प्रस्ताव बहुमतबाट पारित गरी सो पारित भएको विधेयकलाई प्रदेश कानून बमोजिम (धारा २२६) प्रमाणित गरी ऐनको रुप लिएपछि मात्र आम्दानी तथा खर्च गर्न मिल्छ। स्थानीय तहले कुनै कर लगाउदा त्यस्तो करको आधार, दर र संकलन गर्ने तौरतरिका कानूनमा व्यवस्था गरेर मात्रै गर्नु पर्छ।

स्थानीय तहको सीमित कराधार, स्थानीय तहबीच वित्तीय स्रोतको असमानता, खर्चको जिम्मेवारी र प्राप्त आयबीचको बढ्दो दुरी, राजस्व परिचालन क्षमताको कमी तथा स्थानीय तहहरूको आकार, जनसङ्ख्या, सेवाको आवश्यकता र वित्तीय एवम् सङ्गठनात्मक क्षमताजस्ता विषयमा रहेको विविधता आदिजस्ता कारणहरूले स्थानीय तहलाई तोकिएको जिम्मेवारी पूरा गर्न आवश्यक वित्तीय स्रोतको अभाव पूर्ति गर्न अनुदान दिने गरिन्छ। नेपालको संविधानमा वित्तीय समानीकरण, शशर्त, समपुरक र विशेष अनुदान दिने व्यवस्था गरिएको छ।

प्रस्तुत प्रतिवेदन मंगला गाउँपालिकाको आन्तरिक आय सम्भाव्यता अध्ययान तथा राजस्व सुधार कार्ययोजना (Internal Income Posibility Study and Revenue Improvement Action Plan) हो जसले गाउँपालिकाको वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजस्वको

सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ । यो प्रतिबेदन मंगला गाउँपालिकासँगको सहकार्यमा तयार पारिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य मंगला गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्यको प्राप्तीका लागि देहाय अनुसारका विशिष्ट उद्देश्य निर्धारण गरिएको छः

- स्थानीय तहको आय अधिकार तथा सुधार योजना सम्वन्धमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, शाखा प्रमुखहरु तथा राजस्व प्रशासनमा संलग्न कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने ।
- विगत एक बर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय बृद्धिकालागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आन्तरिक आय सम्बन्धीगाउँपालिकाको व्यवसायकरका लागि वर्गिकरण सहितको दर रेट निंधारण गर्ने ।

## १.३ अध्ययन विधि तथा प्रक्रिया

आन्तरिक आय सम्भाव्यता अध्ययान तथा राजस्व सुधार कार्य योजना तर्जुमा कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरुको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### १.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरु संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरु देहायअनुसार रहेका छन् :

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४
- मंगला गाउँपालिकाको आर्थिक ऐन, २०७४
- गाउँपालिकाको आ.व.०७८।०७९ को योजना,नीति बजेट तथा कार्यक्रम

- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरुले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरु

### १.३.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताहरुबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### १.३.३ तथ्यांक/सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्धारा गाउँपालिकाको कार्यालय, विभिन्न शाखाहरुबाट आवश्यक तथ्यांक एवम् सूचनाहरु संकलन गरिएको थियो । यस कार्यका लागि कार्यालयका सुचना तथा तथ्यांक अभिलेख, सरोकारवाला पक्षहरुसंगको छलफल,स्थलगत भ्रमण तथा अवलोकन आदी विधि अवलम्बन गरिएको थियो । यस क्रममा निम्न तथ्यांक एवम् सूचनाहरु संकलन गरिएको थियो:

- *मंगला गाउँपालिकाबारे संक्षिप्त जानकारी*
- *वर्तमान राजस्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदी)*
- *राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु*
- *गाउँपालिकाको विगत आर्थिक वर्षहरुका यथार्थ आय विवरण*
- *आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण*
- *आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्यांक तथा सूचना (सम्बन्धित तथ्यांक, सरोकार पक्षहरुसंग छलफल तथा अवलोकन)*
- *गाउँपालिकाको आ.व.०७८।०७९ को योजना, नीति बजेट तथा कार्यक्रम*

### १.३.४कार्यशाला गोष्ठी

मंगला गाउँपालिकामा २०७८चैत्र १६ गते सम्बन्धीत शाखाहरु संग सूचना एव तथ्यांक संकलन गरिउको थियो । त्यसैगरी चैत्र १७गते कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । यो कार्यशाला गाउँपालिकाका अध्यक्ष श्री सत प्रसाद रोकाज्यूको कार्यव्यस्तताले गर्दा पालिका वाहिर जानुभएको थियो भने गाउँपालिकाकी उपाध्यक्ष श्री शिर्जना के.शी.ज्यू स्वास्थ्यका कारण जिल्ला वाहिर रहनु भएकोले कार्यक्रमको अध्यक्षतामा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री मनोहर ढुंगनाज्यूलेगर्नुभएको कार्यक्रममा पालिकाका शाखा अधिकृत श्री राजेन्द्र आचार्यज्यूबाट उद्देश्यमाथि प्रकाश पारी राजश्वका बारेमा मन्तव्य व्यक्त गर्नु भएको कार्यक्रमको प्रस्तुतीकरण सहकर्ता संस्था श्री स्पीड सोलुसन नेपालका विज्ञ सदस्य श्री कुमार कंचन जि.सी.ले गर्नु भएको थियो ।

परामर्शदाताहरुद्धारा सहजिकरण गरिएको यस कार्यशालामा कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया, राजस्व सम्बन्धी सैद्धान्तिक पक्षहरु, स्थानीय तहको राजस्व अधिकार तथा परिचालन सम्बन्धी व्यवस्था

र प्रभावकारी राजस्व प्रशासन र त्यसका पक्षहरुका बारेमा प्रस्तुती गरि सो प्रस्तुतीमा छलफल गरिएको थियो । कार्यशालामा बिशेषगरी कार्ययोजनाको तयारी सम्बन्धि प्राबिधिक पक्षलाई समेटिएकोथियो । राजस्व सुधार योजना के हो ? त्यसका पक्षहरु के के हुन्छन ? र कार्ययोजना तयारीको खाँका प्रस्तुत गरिएको थियो । त्यस लगत्तै सहभागीहरुलाई समुहमा विभाजन गरि समुहगत रुपमा राजस्व सुधार योजनाको मस्यौदा तयार गर्न लगाई सोको प्रस्तुती गरिएको थियो ।

समूह १. राजस्वका शिर्षकगत दर निर्धारण

समूह २. राजस्व सुधार योजना

समूह ३. अन्य आय सम्भावित क्षेत्र सुधार योजना

समुह ४. राजस्व प्रशासन

उक्त प्रस्तुतीका क्रममा विस्तृत छलफल गरि अन्य सहभागीहरुबाट आएका सुझावहरु संकलन गरि उक्त योजनाको मस्यौदाको रुप तयार गरिएको थियो । बिषेस गरि गाउँपालिकामा रहेको प्रकृतिक स्रोत साधन र सम्पत्ति करका बारेमा वडाअध्यक्षहरु लगाएतबाट आवश्यक छलफल भएको थियो । परामर्शदाताका तर्फबाट थप सूचना तथा तथ्यांकहरुका बारेमा कर्मचारीहरु संग छलफल गरिएको थियो ।

कार्ययोजना कार्यान्वयन गरि गाउँपालिकाको राजस्व प्रशासन तथा परिचालन प्रभावकारी बनाउन गाउँपालिका परिवार प्रतिबद्ध रहेको कुरा व्यक्त गर्दै कार्यशाला सम्पन्न भएको थियो ।सहभागीहरुको उपस्थिति विवरण र कार्यक्रमका तस्विरहरु यस प्रतिवेदनको **अनुसूची ३ र ४** मा प्रस्तुत गरिएको छ ।

### १.३.५ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश

राजस्व सुधार कार्ययोजनाको मस्यौदा सरोकारपक्षहरु गाउँ कार्यपालिकाका कर्मचारी र जनप्रतिनिधिहरु लगायत राजस्व परामर्श समितिका पदाधिकारीहरुसमक्ष आवश्यक सल्लाह तथा सुझावका लागि पेश गरिएको थियो उक्त मस्यौदा उपर विभिन्न पदाधिकारी तथा कर्मचारीबाट सुझाव प्राप्त भएको थियो । त्यसै गरि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा समेत मस्यौदा प्रतिबेदन पेश गरिएको थियो ।

### १.३.६ प्रतिवेदनको अन्तिम रुप

अध्ययनका क्रममा विभिन्न स्रोतबाट संकलित तथ्यांकलाई पुनःपरिक्षण, मस्यौदा प्रतिवेदन उपर सरोकारवाला पक्षहरु तथा कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा मंगला गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अध्ययन प्रतिवेदन तयार गरिएकोछ । यस प्रतिवेदनमा मंगलागाउँपालिकाको राजस्व सुधार कार्ययोजना र सो कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षहरुका लागि गाउँपालिकाको आय प्रक्षेपण र राजस्वका सम्भावित क्षेत्रहरुसमेत समावेश गरि कार्य योजनामा राखीएको छ ।

## १.४. अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, प्रयाप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरु देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितिय स्रोतहरुबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुको आधारमा तयार गरिएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्वन्धित जनप्रतिनिधि, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुसंग भएको छलफलवाट प्राप्त सूचनाहरु समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनकोलागि उपलब्ध गराईएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरु विभिन्न कार्यालयहरुको अभिलेख तथा स्थलगत अध्ययनवाट संकलन गरिएको छ ।

- गाउँपालिका तथा अन्य कार्यालयहरुवाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्वन्धी तथ्याङ्कहरु संकलन गरिएको छ । तथ्यांक संकलनकोलागि सवै वडाहरुको आन्तरिक राजस्वको कम्तिामा एक आ.व.को सर्भेक्षण गरिएको छ ।

- यस अध्ययन स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ। अध्ययनको क्रममा गाउँपालिकाको सभाबाट आर्थिक ऐन तयार भएको तर नियमावली तयार नभई सकेकोले व्यवसायहरुको वर्गिकरण सहित करको दर रेट यस प्रतिबेदनमा सुझावका आधारमा समावेश गरिएको छ ।

- स्थानीय तहको निर्वाचन भई निर्वाचित पदाधिकारीहरु पदस्थापना भईसकेको छ। यसै गरि प्रदेश तहको राजस्व सम्वन्धी प्रदेश कानून तर्जुमा समेत भएको छ । संवैधानीक व्यवस्था अनुरुपका उपरोक्त व्यवस्थाहरु पुर्ण भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, भने स्थानिय तहले पनि कानुनद्धारा राजस्वका दर रेट र कर क्षेत्रहरु पहिचान गर्न आवश्यक देखीन्छ ।

- गाउँपालिकाले विगत ३ बर्षको अवधिमा संकलन गरेको राजस्वको दरलाई अनुमान गरि आगामी ३ बर्षको लागि राजस्व प्रक्ष्यपण गरिएको छ। यसरी प्रक्ष्यपण गर्दा पालिकाका सम्बन्धीत कर्मचारी र जनप्रतिनिधिहरु संग आवश्यक राय, सुझाव र सल्लाह समेत प्राप्त गरिएको थियो ।

# परिच्छेद–दुई : राजस्व परिचालनको वर्तमान अवस्था तथा पुनरावलोकन

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ सालमा यो स्थानीय तह लागु गर्ने निर्णयअनुसार मंगला गाउँपालिका गठन गरिएको हो।गण्डकी प्रदेश म्याग्दी जिल्लाका ४ वटा गाउँपालिहरु मध्य मंगला गाउँपालिका सरदमुकामको बेनी नगरपालिकाबाट उत्तर पश्चिमतर्फ अवस्थित यो गाउँपालिका जिल्लाको सदरमुकामबाट करिव १५ कि.मीं को दुरीमा रहेको छ । यस गाउँपालिकामा ५ वटा वडाहरु रहेकाछन् ।यस गाउँपालिकाको नामाकरण म्याग्दी नदीलाई मंगलाको नामबाट पनि चिनिने भएकाले यसको नाम मंगला राखिएको भन्ने बुझिन्छ । यस गाउँपालिकाको कार्यालयवडा नं २बावियाचौरमा रहेको छ । नेपालको ईतिहासीक एव पर्यटकीय बजारको रुपमा परिचीत म्याग्दी जिल्लाको उत्तर तर्फ रहेको यस गाउँपालिका सरदमुकाममा रहेको बेनी नगरपालिकाको सिंगा तातोपानी संग जोडीएको छ । ५ वटा रहेको यस गाउँपालिकाका वडाहरु मध्ये सिमित वडाहरुमुख्य बजार क्षेत्रका वडाहरु छन भने अत्यधिक वडाहरु बजार उन्मुखएव ग्रामिण वडाहरुभित्ररहेको तथ्यांकबाट पाईयो । गण्डकी प्रदेश भित्र रहेको म्यादी जिल्ला भित्रका ५ वटा स्थानिय तह मध्ये लगभग जिल्लाको पश्चिम दक्षिण सिमानामा रहेको यस गाउँपालिका साविकका बरन्जा,वावियाचौर,अर्मन,कुहु गाविसहरु समावेश गरि यो मंगला गाउँपालिका गठन भएको हो । साना बजारको बस्ति र ग्रमीण बसोबासको अग्रगतिमा बढेको यस गाउँपालिकामा ससाना होटल तथा ससाना बजारको स्थापना हुने क्रम समय अनुसार वृद्धिहुदै गएको पाईन्छ । यहाँ विभिन्न धर्मका अनुयायीहरु जस्तै हिन्दु, बौद्ध र क्रिस्चियनहरुको बसोबास रहेको छ, जस्ले सर्वलौकिक सँस्कृती झल्काउँछ । यहाँको मुख्य भाषा भनेको नेपाली हो, त्यस्तै गुरुङ ,मगर, नेवारी,भुजेल, बाहुन क्षेत्री लगाएतका जातजातिहरु बसोबास गर्ने गाउँपालिकामा अन्य मातृ भाषा पनि बोलिने गर्दछन् । २०६८ सालको राट्रिय जनगणना अनुसार गाउँपालिकाको जनसंख्या १६२८६ रहेको यस गाउँपालिका ८९ वर्ग कि.मी.मा फैलियर रहेको छ ।

**तालिका१: गाउँपालिकामा समावेश भएका साविका स्थानिय निकायहरु**

| सि.न. | समावेश भएका साविक गा.वि.स | साविक वडा नं. |
|---|---|---|
| १ | साविक वरन्जा गा.वि.स. | पूरै समावेश भएको |
| २ | साविक वावियाचौर गा.वि.स | पूरै समावेश भएको |
| ३ | साविक अर्मनगा.वि.स | पूरै समावेश भएको |
| ४ | कुहुँ गा.वि.स | पूरै समावेश भएको |
| ५ | दरवाङ | वडान. ४ |

स्रोतः मंगला गाउँपालिका २०७८

यस गाउँपालिकाको सिमाना उत्तर तर्फ रघुगंगा गाउँपालिका,पश्चिम तर्फ मालिका गाउँपालिका, पूर्व तर्फबेनी नगरपालिका र दक्षिण तर्फ बाग्लुङ जिल्लाको काठेखोलागाउँपालिका र ताराखोला गाउँपालिकाहरु पर्दछन ।

यस गाउँपालिकाको क्षेत्र समथर, भिरालो पहाड एव डाँडाकाडाले ढाकेको छभने केही जमिनहरुउर्वर खेतियोग्य जमिन पनि रहेको छ । यस गाउँपालिकामा धेरैजसो ग्रामिण शैलीको बसोबास रहेको छ । आर्थिक गतिविधिका हिसाबले केही कम्जोर देखीएपनी पर्यटनको विकास र कृषि,पशुको आधुनीकीकरण गर्न सकेमा मंगला गाउँपालिका सम्भावनानै सम्भावना बोकेको यस गाउँपालिकामा विभिन्न किसिमका साना व्यापार, व्यवसाय तथा विभिन्न सहकारी संघ संस्थाहरु रहेका छन् ।औषत पारिवारीक आम्दानीमा व्यपार व्यवसाय,कृषि तथा पशुपालनको प्रमुख भूमिका रहेको छ। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । विभिन्न खाले कृषि सहकारीहरु मार्फत् यहाँका कृषकहरुले विभिन्न खाले आय आर्जनका कृयाकलापहरु गरिरहेका छन् ।स्थानीय उत्पादनहरु, तरकारी, खाद्यान्न, कपडा, किराना तथा ससाना होटलहरु र महत्तपूर्ण पर्यटकीय क्षेत्रमा केही ठुला होटल तथा रेस्टुरेन्टहरु समेत यसै गाउँपालिका रहेकाछन । जसमा वावियाचौर बजार छ भने अन्य ससाना क्षेत्रहरुबजार उन्मुख बजारहरुको वृद्धिहुदै गएको देखिन्छ । म्याग्दी जिल्लाको सरमुकामसंग जोडीएको कारणले पनि यस गाउँपालिकामा व्यापार व्यवसाय लगाएत कृषि र पशु विकासको लागि प्रचुर सम्भावना बोकेको देखिन्छ ।

**तालिका : २ मंगलागाउँपालिकाका पर्यटकीय एव ऐतिहासिक स्थल सम्बन्धि विवरण**

| सि.नं. | स्थानं | विवरण | महत्व |
|---|---|---|---|
| १. | मंगला गा.पा. | टोड्के वडानं १ | पर्यटकीय/ईतिहासीक |
| २. | मंगलागा.पा. | झाँकीपानी | पर्यटकीय/ईतिहासीक |
| ३. | मंगला गा.पा. | तिनचुले धुरी | पर्यटकीय |
| ४. | मंगलागा.पा | द्यह | पर्यटकीय |

स्रोतः मंगला गाउँपालिका २०७८

## २.२ गाउँपालिकाको संगठन स्वरुप

मंगला गाउँपालिकाको संगठन स्वरुप हेर्दा वर्तमान अवस्थामा देहाय अनुसारको शाखाहरु रहेको छ साथै जिल्ला स्थित विषयगत कार्यालयहरु खारेजभई गाउँपालिकामा स्थान्तरण भएकोले पनि थप शाखाहरु रहेका छन ।

- प्रशासन शाखा
- लेखा शाखा
- राजश्व शाखा
- योजना शाखा
- पशु विकास शाखा
- कृषि विकास शाखा
- स्वास्थ्य तथा जनसंख्याशाखा
- सूचना प्राविधिक तथा रोजगार शाखा
- शिक्षा शाखा
- पञ्जिकरण शाखा
- महिला विकास शाखा

गाउँपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत जनशक्तिको अवस्था न्यून रहेको छ । हाल गाउँपालिका कर्मचारी (स्थायी, अस्थायी तथा करार) कार्यरत छन् । खासगरी गाउँपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र इकाईहरुको स्थापना र सञ्चालन गरी दैनिक कामकाज ब्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग प्रष्ट देखिन्छ । खागसगरी नीति तर्जुमा र वजेट कार्यान्वयनमा गाँउ कार्यपालिकालाई सघाउ पुचाउने अधिकृत स्तरका कर्मचारीहरु निकै न्यून रहेको देखीन्छ ।

**राजस्व प्रशासन**

राजस्व प्रशासनको सन्दर्भमा बेग्लै राजस्व हेर्ने कर्मचारीको व्यवस्था भएतापनि छुट्ट} शाखा र उक्त शाखामा काम गर्ने प्रायप्त कर्मचारीहरुको व्यवस्थापन भएको छैंन राजस्व शाखालाई वडात रुपमा समेत अनुगमन गर्ने गरि त्यस किसिमको शाखाको संस्थागत संरचना स्थापना भएको छैन । गाउँपालिकाको आन्तरिक आय एव राजश्वको जिम्मेवारी १ जना सहायक कर्मचारीले मुख्या कार्यालयमा एव प्रशासन शाखामा रहि राजस्व शाखामा कार्य समेत गरेको दखिन्छ भने वडा स्तरमा सम्बन्धीत वडा सचिवले राजस्व संकलन गरि बुझाउने गरेको पाईयो । गाँउपालिकाको आन्तरिक राजश्व संकलन कम्प्यूटर प्रणालीबाट विली[3] मार्फत संचालन हाल सम्मपनि गरेको छैन । छुट्टै सफ्वर मार्फ कर असुली गर्ने गरेको छैन वडा सचिव मार्फत नगर जम्मा गरि सोहि आयका आधारमा वडाको राजस्व जम्मा गर्ने गरिएको छ । तसर्थ हाल गाउँपालिकामा प्रत्यक्ष रुपमा राजस्वको काम छुट्टै कम्तिमा दुई जना कर्मचारीलाई जिम्मेवारी प्रदान गरि आन्तरिक राजश्व संकलन गर्ने गरिएको छैन । गाउँपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितको) भएको छैन । वडाबाट गर्ने सम्पूर्ण सिफारीसका काम लगाएत अधिक शिर्षकहरु जस्तो निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमि कर लगायतका शिर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै संकलन गर्ने व्यवस्था रहेको छ । भने आय ठेक्का र घर नक्शा दस्तुर भने कार्यालयबाटै असुली भएको छ । त्यसै गरि गाउँपालिकामा छुट्टैव्यवस्थित राजस्व शाखाले वडा स्तरको समेत अनुगमन गर्ने गरि आवश्यक कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्ष व्यवस्थाको कार्य प्रारम्भ गर्नुपर्ने देखिन्छ ।

## २.३ राजश्व परिचालन सम्बन्धि नीतिहरु :

- यस गाउँपालिकाले राजस्व परिचालन तथा ब्यवस्थापन सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छैन । तर राजस्व परिचालनका लागि यस गाउँपालिकाले हालसम्म निम्नबमोजिमका कार्यहरु अगाडी बढाएको छ :

- *राजस्वपरामर्श समिति*

गाउँ कार्यपालिकामा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजीम गाँउपालिकाको उपाध्यक्षको संयोजकमा देहाएका सदस्य रहने गरि राजस्वपरामर्श समिति गठन गरेको छ :

**तालिका ३: राजस्वपरामर्श समिति**

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | श्री सिर्जना के.शी. | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २ | श्री मनोहर ढुंगना | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | श्री कविन्द्र रोका मगर | वडा अध्यक्ष वडान. ३ | सदस्य |
| ४ | श्री सरस्वती भट्टराई उपाध्य | कार्यपालिका सदस्य | सदस्य |
| ५ | चकलाला पाण्डे | अध्यक्ष वावियचौर उ.वा संघ | सदस्य |
| ६ | श्री लेखनाथ अधिकारी | लेखा प्रमुख | सदस्य सचिब |

स्रोत: मंगला गाउँपालिका २०७८

राजस्वपरामर्श समितिले विभिन्न छलफल तथा बैठकहरु सम्पन्न गरि राजस्वका दररेटहरु तथा राजस्व सम्बन्धि नीतिगत निर्णयहरु गरि गाउँ सभा समक्ष पेस गरेको थियो ।

***गाउँ सभाले गरेका राजस्वसम्बन्धी निर्णय तथा नीतिहरु :***

- राजस्वपरामर्श समितिले गरेका राजस्वका दररेट तथा अन्य नीतिगत निर्णयहरुलाई अनुमोदन गर्दै राजस्व संकलन तथा सो का दररेटहरु चालु आ.व.०७७।०७८ को मिति २०७८ असार १० गतेको गाउँ सभाले आर्थिक ऐन २०७८ का विभिन्न अनुसुचि मार्फ कर,शुल्क र दस्तुरको दररेट स्विकृत गर्ने निर्णय गरियो ।

- आ.व.२०७८।७९ को लागि स्विकृत नीति, कार्यक्रम तथा बजेटमा राजस्व परिचालनसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु लागु गर्ने निर्णण गरियो ।

- गाउँपालिकालाई आन्तरिक श्रोतमै आत्मनिर्भर गाउँपालिका बनाउन थप राजस्वको श्रोतहरुको खोजी गरिने छ । गाउँपालिकाभित्र रहेका सबै खाले व्यवसायहरुलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई चालु आ.व.मा अभियानको रुपमा संचालन गरिने छ भने आ.व. ०७८।०७९ बाटै सम्पत्ती कर र मालपोत कर लागुगरिनेछ ।

- प्रणाली अबलम्बन गर्न गाउँपालिकाले आर्थिक ऐन २०७८ तयार गरि गाउँ सभाबाट स्विकृत गरेको देखिन्छ ।

- गाउँपालिमा रहेको विभिन्न प्राकृतिक स्रोत साधन उपयोग कर ( ढुङगा, गिटी र बालुवा) को ठेक्का मार्फत उठाउनका लागि आ.व२०७७।०७८ मा आई.ई.ई.ले दिएको प्रतिबेदनको परिमाण बमोजीम कर उठाउन दिने निर्णय गरियो ।

- बहाल करलाई प्रभावकारी बनाउनका लागि पालिका भित्र रहेका व्यवसायहरुको वडागत लगत लिने निर्णय गरियो ।

- गाउँपालिकालाई नियमित उल्लेख्य रुपमा कर बुझाउने करदातालाई नियमित रुपमा सम्मान गरिने कार्यक्रम गर्ने र कर १० प्रतिशत छुट दिने निर्णय गरियो ।

- कर उठाउन करदाताको तथ्यांक संकलन गरिने व्यवस्थाको निश्चितताका लागि राजस्व सुधार कार्य योजना निर्माण गर्ने निर्णय गरियो ।

- यस गाउँ क्षेत्र भित्र बसोबास गर्ने गाउँबासीहरुको क्षमता ,अन्य गाउँपालिकाहरुको तुलनात्मक अध्ययन,प्रचलित ऐन नियमको प्रावधान बमोजिम करका दर अद्यावधिक गरिने कुरा निर्णय नभएको ।
- गाउँपालिकाको दीर्घकालिन रुपमा आयश्रोत ग्रामिण पर्यटन,कृषि र पर्यटन विकास निर्माण कार्य अगाडि बढाउन सम्बन्धित निकायमा प्रस्ताव पेश गरिने कुरा उल्लेख छैन ।
- सार्वजनिक,निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्ने ।
- अर्थतन्त्रमा निजी क्षेत्रको लगानी र भूमिकालाई महत्व दिदै उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गरि आर्थिक सम्वृद्धी हासिल गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र व्यवसाय कर असुल गर्न कार्यविधि निर्माण गरी लागु गरिनेछ ।
- कर दस्तुरको पूर्ण जानकारी र फारमहरु वेवसाईडमा राखिने छ । कर हटलाईनको व्यवस्था गरिनेछ ।
- कार्यालयवाट सवै प्रकारका सेवाग्राहीले प्राप्त गर्ने सेवा सुविधालाई निर्देशिका मार्फत व्यवस्थित गरिनेछ भने सेवा प्राप्त गर्नका लागी कर चुत्ता प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने कानुनी व्यवस्थालाई कडाईका साथ अवलम्वन गरिनेछ ।
- यसै चालु आ.व.वाटै  बहाल कर संचालन कार्यलाई प्रभावकारी ढंगले अगाडी बढाईने छ ।

**उल्लेखित नीतिहरुको कार्यान्वयनार्थ गाउँपालिकाले राजस्व प्रशासनसंग सम्बन्धित देहाय बमोजिमको कार्यहरु गर्नुपर्ने देखिन्छ :**

- गाउँपालिकाको संगठन संरचनामा राजस्व शाखा रहनेगरि राजस्व शाखालाई आवश्यक कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरि सुदृढ गर्ने ।
- चालु आ.व. देखीनै आन्तरिक राजस्वलाई प्रभावकारी तरिकाबाट संकलन एव असूली गर्नका लागि कम्प्यूटर सर्फटवयर जडान गरि संचालनमा ल्याउनु पर्ने ।
- आन्तरिक आय वृद्धिगर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था बमोजमि सम्पत्तिकर र मालपोत तथा भूमिकर तत्काल लागु गर्नुपर्ने ।
- गाउँपालिकाका सम्पूर्ण वडाहरुमा रहेका उद्योग,व्यवसाय र ससाना पसलहरु समेतको लगत संकलन गरि सबै करदातालाई करको दायरामा ल्याई  दायरा फराकिलो बनाउनु पर्ने ।
- आवश्यक पर्ने नियम, उपनियम, कार्यविधि, निर्देशिका, उप-नियम, विनियम निर्माण गरि कार्यपालिकावाट पारित गराई लागु गर्ने ।
- गाउँपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरुको पहिचान गरी गाउँपालिकाको अधिनमा रहने प्रवन्ध मिलाउन र सो पहिचान गरिएका ऐलानी पर्ती जग्गावाट आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- ऐलानी पर्ती जग्गा ओगटी बसोवास गरी वसेका व्यक्तिहरुले भोग गरेको जग्गाको एकिन गरी करको दायरा भित्र ल्याउने व्यवस्था गर्नु पर्ने ।
- यस गा.पा. अन्तर्गतको प्राकृतिक सम्पदा वनजंगल,नदिनाला आदिको संरक्षण र विकास गर्ने प्रवन्ध मिलाई गाउँपालिकाको अधिनमा रहने प्रवन्ध मिलाउनुका साथै त्यस्ता सम्पदाहरुवाट गाँउपालिकाको आयआर्जन हुने व्यवस्था गर्न करको दायरा भित्र ल्याउनुपर्ने ।
- मठमंदिर को नाउमा रहेको गुठी जग्गाको एकिन गरी त्यसवाट प्राप्त हुने आयश्रोतको उचित प्रवन्ध गर्ने र चुहावट हुनवाट रोकी त्यस्ता क्षेत्रहरुको पर्यटन प्रवर्द्धनको व्यवस्था गर्नु पर्ने ।
- गाउँपालिका भित्र रहेका ससाना उद्योगहरुलाई व्यवस्थित गरि करको दायरामा ल्याई दिगो करको स्रोत बनाउनु पर्ने देखिन्छ  ।
- राजस्व वृद्धिका लागी विभिन्न क्षेत्रका सरोकारवालाहरुसंग र समन्वयको प्रवन्ध मिलाउनुपर्ने ।
- स्थानीय उद्योग वाणिज्य संघसंग सहकार्य र समन्वय गरी राजस्व वृद्धि गर्ने कार्यक्रम संचालन गर्नुपर्ने ।
- उद्योग वाणिज्य संघ र उद्योगी, व्यवसायीहरुसंग सहकार्य गरी व्यवसाय दर्ता गर्ने र व्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवालसंग छलफल एवं सहकार्य गरी कर सम्वन्धि आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नु पर्ने ।
- करदाता शिक्षा कार्यक्रम संचालन गरि कर चुहावटलाई न्यूनिकरण गर्नुपर्ने ।

- राजस्व तथा कर दस्तुर असुल गर्नको लागी वडाहरुमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा संचालन गर्नुपर्ने ।
- कर, राजस्व तथा आन्तरिक आयको सम्भाभनाका बिषयमा जनप्रतिनिधी र सम्बन्धीत कर्मचारीहरुलाई प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

## २.४गाउँपालिकाको आय समिक्षा

### २.४.१ संचित कोष

गाउँपालिकामा एक संचित कोष रहने छ । गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, गाउँपालिकाले लिएको रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने छन् । कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र लिन पाइदैन । गाउँपालिकाले अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाउनु पर्दछ । संचितकोषकाश्रोतहरुका विषयमा यसरी स्पष्ट हुन सकिन्छ ।



## गाउँपालिकाको आय समीक्षा

यस गाउँपालिकाले विगतका आर्थिक वर्षहरुमा गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक तथा वाह्य स्रोतबाट संकलित आय, आयको संरचना तथा आयको औसत बृद्धिदर आदीको समीक्षा तथा विश्लेषण यस भागमा गरिएको छ ।

### २.५.१ आय परिचालनको वर्तमान अवस्था

हालको कानुनी प्रावधान अनुसार गाउँपालिकालाई प्राप्तराजस्वअधिकारका शिर्षकहरुको परिचालन कसरी गरिएको छ भन्ने आन्तरिक राजस्व सम्बन्धी अध्ययानबाट देखीएका करका तथा राजस्वशिर्षकहरु मध्ये कतिवटामा असुली गरिरहेको, कतिवटामा संकलनको निर्णय मात्र गरेको र कतिवटामा सम्भावना भएको भनी छलफलबाट यथार्थ अवस्था प्राप्त गरिएको छ । देहायमा उल्लेखित तालिकाले गाउँपालिकाको आय परिचालनको अवस्था देखाउँदछ ।

**तालिका ४:आय परिचालनको वर्तमान अवस्था-चालु आ.व.को यथार्थ आम्दानी तथा छलफलको आधारमा)**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | गाउँपालिकाले विगतका आ.व.देखिमालपोत तथा भूमिकर लागु गरेको छ । | संकलन भएको | दर निर्धारण बैज्ञानीक ढंगबाट भएको छैन |
| | घरजग्गा कर | | | |
| | सम्पीत्त कर | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको |
| | सवारी कर | सम्भावनानभएको । | संकलन नभएको । | प्रदेश सभा |
| | घर जग्गा बहाल कर | सम्भावनाभएको । | संकलन भएको । | दर निर्धारण भएको |
| | व्यवसाय र बिज्ञापन कर | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको |
| | जडिबुटी,कवाडी र जिवजन्तु कर | सम्भावनाभएको । | संकलन नभएको । | दर निर्धारण भएको |
| ख. | **अन्य राजश्व** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | सम्भावनाभएको । | संकलन भएको । | दर निर्धारण प्रदेश बमोजीम भएको |
| | घर नक्सापास दस्तुर | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण भएको । |
| | व्यक्तिगत घटना दर्ता शुल्क | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| | वहाल विटौरी शुल्क | सम्भावना भएको | संकलन भएको । | दर निर्धारण नभएको । |
| | पार्किङ्ग शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | फोहरमैला व्यवस्थापन**शुल्क** | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| | मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | कम सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क | सम्भावना नभएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| | मूल्यांकन सेवा शुल्क | सम्भावना भएको । | संकलन नभएको । | दर निर्धारण नभएको । |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | सम्भावना भएको । | संकलन भएको । | सबैको दर निर्धारण भएको । |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो,खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग बिक्री शुल्क | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण भएको । |
| | दण्ड जरिवाना | सम्भावना भएको । | संकलन भएको । | दर निर्धारण नभएको । |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले गाउँपालिकालाई प्रदान गरेको राजस्वअधिकारका क्षेत्रहरुमध्ये केही शिर्षकहरुमा यस गाउँपालिकाले राजस्वसंकलन नगरिरहेको देखिन्छ ।

- पार्किङ्ग सेवा
- कवाडी तथा निकासी कर ( संबिधान २०७२ संग बाझीएको)
- वहाल विटौरी कर
- मनोरञ्जन कर
- विज्ञापन कर

### २.५.२ गाउँपालिकाको तिन आथिक बर्षको यथार्थआय विवरण देहाए बमोजीम रहेको छ :

यस गाउँपालिकाको आ.व.०७८/७९ माघ महिना सम्मको र आ.व.०७६/७७ ,आ.व.०७७/७८ को यर्थाथ आन्तरिक आय निम्मनानुसार रहेको राजश्व शाखाका कर्मचारीबाट प्राप्त सूचनाका आधारमा उल्लेख गरिएको छ ।

**तालिका ५: गाउँपालिकाको यथार्थ आय विवरण**

| क. सं. | राजस्व संकेत | आय शिर्षकहरु | आय | | |
|---|---|---|---|---|---|
| | | | आ.व.०७८/७९ को माघ सम्मको यथार्थ | आ.व.०७७/७८ को यथार्थ | आ.व.०७६/७७ को यथार्थ |
| 1 | १.१ | सम्पत्ति कर | 10,6952.0 | 93,290.0 | 2,88,000.0 |
| 2 | १.२ | घर बहाल कर | 56,747.0 | 2,11,098.0 | 73,000.0 |
| 3 | १.३ | बहाल विटौरी कर | 12,200.0 | 58,400.00 | 20,000.0 |
| 4 | १.४ | व्यवसाय दर्ता तथा रजिष्टेशन शुल्क | 0 | 3,83,100.0 | 2,23,000.0 |
| 5 | १.५ | भूमि तथा मालपोत कर | 6,25,538.0 | 10,54,714.0 | 5,27,000.0 |
| 6 | १.६ | पर्यटन शूल्क | 0 | 1,63,000.0 | 20,000.0 |
| 7 | १.७ | प्रकृतिक स्रोत साधन बिक्रीबाट कर | 0 | 30,04078.0 | 17,05,000.0 |
| 8 | १.८ | घर नक्शा पास दस्तुर | | | |
| 9 | १.९ | नाता प्रमाणीत दस्तुर | 1,15,900.0 | 65,600.0 | 72,000.0 |
| 10 | १.१० | प्रशासनिक सिफारीस | 2,10,558.0 | | |
| 11 | १.११ | विविध फाराम बिक्री | 50,492.0 | 2,66,709.0 | 1,94,000.0 |
| 12 | १.१२ | विभिन्न किसिमका सिफारीस | 9,25,511.0 | 10.70075.0 | 11,63,000.0 |
| 13 | १.१३ | अन्यविविध दस्तुर | 1,45,000.0 | 2,15,800.0 | 2,88,000.0 |
| 14 | १.१४ | अनुमती पत्र दस्तुर | | | |
| 15 | ११५ | व्यक्तिगत घटना दर्ता दस्तुर | 2,23,200.0 | 80,600.0 | 39,000.0 |
| | | **जम्मा** | **24,57,698.0** | **66,66,464.0** | **46,12000.0** |

स्रोत:मंगला गाउँपालिका राजस्वशाखा

अध्ययानको क्रममा गाउँपालिकाको राजस्व शाखाबाट आन्तरिक आयको यर्थाथ विवरण अध्ययान गर्दा आर्थिक बर्ष ०७६/०७७ को यर्थाथ आम्दानी रु, ४६ लाख १२ हजार भएको थियो भने आर्थिक बर्ष २०७७/०७८ को यर्थाथ आम्दानी रु, ६६ लाख ६६ हजार ४ सय ६४ रुपैया भएको देखीन्छ ।त्यसै गरि चालु आ.व.२०७८/०७९ को माघ महिना सम्मको यर्थाथ आय रु,२४ लाख ५७ हजार ६ सय ९८ रुपैयाँ भएको देखिन्छ । यसरी अध्ययन गर्दा विगतको आ.वा.०७६/०७७ भन्दा पछिल्लो आ.व.२०७७/०७८ मा ४५ प्रतिशतले आन्तरिक राजस्व वृद्धि भएको देखिन्छ । साथै चालु आ.व. .०७८/०७९ को ७ महिनाको यर्थाथ आयलाई मध्यनजरगरी बाँकी महिनाको आय गणना गर्दा अघिल्लो आ.व. भन्दा कम आय हुने अनुमान गर्न सकिन्छ ।

**तालिका६: गाउँपालिकाको बार्षिक आय अनुमान र यथार्थ आय बिच तुलना गरिएको**

| क. सं. | आय शिर्षकहरु | आय अनुमान | | यर्थाथ आय | |
|---|---|---|---|---|---|
| | | आ.व.०७६/७७ अनुमान | आ.व.०७७/७८ अनुमान | आ.व.०७६/७७ यथार्थ | आ.व.०७७/७८ यथार्थ |
| 1 | सम्पत्ति कर | 4,00,000.0 | 5,00,000.0 | 2,88,000.0 | 93,290.0 |
| 2 | घर बहाल कर | 50,000.0 | 55,000.0 | 73,000.0 | 2,11,098.0 |
| 3 | बहाल विटौरी कर | 20,000.0 | 40,000.0 | 20,000.0 | 58,400.00 |
| 4 | व्यवसाय कर | 4,50,000.0 | 5,00,000.0 | 2,23,000.0 | 3,83,100.0 |
| 5 | भूमि तथा मालपोत कर | 2,50,000.0 | 3,50,000.0 | 5,27,000.0 | 10,54,714.0 |
| 6 | पर्यटन शूल्क | 10,000.0 | 10,000.0 | 20,000.0 | 1,63,000.0 |
| 7 | प्रकृतिक स्रोत साधन बिक्री कर | 17,00,000.0 | 18,70,000.0 | 17,05,000.0 | 30,04078.0 |
| 8 | अन्य दस्तुर | 2,00,000.0 | 2,20,000.0 | 2,88,000.0 | 2,15,800.0 |
| 9 | नाता प्रमाणीत दस्तुर | 3,50,000.0 | 4,00,000.0 | 72,000.0 | 65,600.0 |
| 10 | प्रशासनिक दण्ड तथा जरिवाना | 2,90,000.0 | 3,35,000.0 | | |
| 11 | मनोरञ्जन कर | 30,000.0 | 30,000.0 | | |
| 12 | विभिन्न किसिमका सिफारीस | | | 11,63,000.0 | 10.70075.0 |
| 13 | विविध सेवा शुल्क | 16,00,000.0 | 12,90,000.0 | | |
| 14 | विविध फाराम बिक्री | | | 1,94,000.0 | 2,66,709.0 |
| 15 | व्यक्तिगत घटना दर्ता दस्तुर | 50,000.0 | 50,000.0 | 39,000.0 | 80,600.0 |
| | **जम्मा** | **54,00,000.0** | **56,50,000.0** | **46,12,000.0** | **66,66,464.0** |

स्रोत: राजस्व शाखाबाट अधिल्लो आ.व २०७५।०७६ को. आय व्यय उपलब्ध हुन सकेन ।

तालिका ६ को विवरण अनुसार अध्ययान गर्दा गाउँपालिकाको आन्तरिक आयको आ.व.२०७६/०७७ अनुमान रु,५४ लाख गरिएको तर यर्थाथ आय रु,४६ लाख १२ हजार प्राप्त भएको देखिन्छ यसरी अध्ययन गर्दा अनुमान भन्दा १५ प्रतिशत कम त्यसैगरी आ.व. २०७७/०७८ अनुमान रु,५६ लाख ५० हजार गरिएकोमा यर्थाथ आय रु,६६ लाख ६६ हजार ४ सय ६४ रुपैयाँ प्राप्त भएकोमा अनुमान भन्दा १८ प्रतिशत बढी आम्दानी हुन गएको देखिन्छ । यसरी गाउँपालिकाले सम्भाव्यता अध्ययन नै नगरीसाधारण अनुमानका आधारमा आयका प्रक्ष्यपण गरीएको देखिन्छ । साथै साधारण अनुमानका आधारमा आय प्रक्षेपणसमेत अनुमानको करिव ८० प्रतिशत सम्म संकलन घटीबढी भएकोलाई उत्तम मानिन्छ । गाउँ सभाबाट गरिएको अनुमान भन्दा ज्यादै न्यून आय मात्र संकलन हुन गएमा अनुमान गर्न नसकिएको मानिन्छ । अर्को तर्फ राजस्व शाखा र राजस्व परामर्श समितिले अझबढी छलफल तथा परामर्श गरेमा

हाल प्राप्त भएको आय भन्दा बढी आय संकलन हुने सम्भावना रहन्छभने गाउँ सभाबाट गरिएको आय अनुमान समेत अनुमानको नजिक हुनेसम्भावना रहन्छ ।

नोट : अध्ययनको क्रममा अध्ययन टोलीले गाउँपालिकाको आन्तरिक आयको गणना गर्दा विगत आ.व. र चालु आ.व. २०७७०७८ को बैशाख देखी जेष्ठ महिना करिव २ महिना विश्वभरी फैलिएको कोनोना भाईरसका कारण पनि कार्यालय बन्दहुन गएको र असार महिनाको पनि पूर्णरुपमा आय हुन नसकेको देखिन्छ । जसका कारण पनि विगत आ.व को राजस्व संकलन केही कम प्राप्त हुनगएको अनुमान गर्न सकिन्छ ।

## परिच्छेद– तीन : आन्तरिक आयको सम्भावना विश्लेषण

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजस्वसम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्था लगायत आन्तरिक स्रोत तर्फ यस गाउँपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शिर्षगत् रुपमा विश्लेषण गरिएको छ ।

### ३.१ गाउँपालिकाको राजस्वअधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजस्वअधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- हाटबजार व्यवस्थापन
- सवारी साधन कर (साना सवारी साधन)
- मनोरञ्जन कर
- घर बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत)
- ब्यक्तिगत घटना दर्ता
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

**कर**

- सम्पत्ति कर ( साविको एकिकृत सम्पत्ति कर )
- भूमि कर (मालपोत), बाँकी बक्यौता समेत
- घर जग्गा बहाल कर
- ब्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा सबै किसिमका व्यवसायमा
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, ई रिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- **दर्ता, अनुमति तथा नवीकरण दस्तुरः**
  - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, विभिन्न व्यवसाय संचालन, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
- नक्सा पास दस्तुर (नक्शा पास गाउी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत
- जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर
- वस्तु तथा सेवा विक्री
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार संघिय, प्रादेशिक तथा स्थानीय सरकार बिच बाँडफाँड हुने व्यवस्था अनुसारको राजस्वअधिकार :

**संघ तथा प्रदेश कानुनको आधारमा स्थानीय तहमा प्राप्त हुने**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलोपैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क

- स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**स्थानीय तहमा संकलन भई बाँडफाँड हुने**

- **बिज्ञापन करः** स्थानीय तहले दर निर्धारण र संकलन गर्ने
- **मनोरञ्जन करः** स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने)
- **घर जग्गा रजिष्ट्रेशन शुल्क** : स्थानीय तहले संकलन गर्ने मालपोत कार्यालय मार्फत संकलन हुनेगरेको छ (दर निर्धारण प्रदेशले गर्ने )
- उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्राहलय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने
- ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने ।

**प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने**

- सवारी साधन (माथि उल्लेखित बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने ,
- पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने,

  (पवर्तारोहण, राष्टिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने) व्यवस्था गरेको छ ,

## ३.२ प्रभावकारी राजस्वपरिचालनका प्रमुख पक्षहरु

गाउँपालिकालाई उपलब्ध वित्तीय अधिकार अनुकुल राजस्व परिचालनमा सुधार ल्याउनको लागि तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ। राजस्वपरिचालनमा मंगलागाउँपालिकाले सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरु देहाय बमोजिम रहेका छन् :

### कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरेका राजस्व अधिकार सम्बन्धी प्रावधानहरुको व्यवस्थित कार्यान्वयन र राजस्वपरिचालनका लागि आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरु समयमै तयार गरि गाउँसभाबाट पारित गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ तथा वेग्लै राजस्व शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैगरि वडा कार्यालयहरुको समेत क्षमता अभिवृद्धी गरि वडा कार्यालयहरु मार्फतनै राजस्व संकलनको प्रभावकारी प्रणाली व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### तथ्याङ्कमा आधारित अभिलेखतथा स्रोतहरुको प्राथमिकीकरण

कर तथा राजस्व सम्बन्धि यसको दायरा र क्षेत्रका सम्बन्धमा आवश्यक विवरण, जानकारी तथा अभिलेख गाउँपालिकामा छैन । गाउँपालिकाले संकलन गर्न सक्ने विभिन्न कर, शुल्क तथा दस्तुरका दायरा तथा दरहरुको विवरण आवधिकरुपमा अद्यावधिक गरि राजस्वका विभिन्न स्रोतहरुको प्राथमिकिकरणका आधारमानयाँ स्रोतहरुको पहिचान तथा विद्यमान स्रोतहरुको दायरा विस्तार गर्दै राजस्व परिचालन चुस्त दुरुस्त पार्नु पर्ने देखिन्छ ।

### विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आयक वृद्धिका लागि विद्यमान सम्पतिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरु पनि सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित गरी नयाँ वस्तु र सेवाको उत्पादन तथा ब्यापार गर्न सक्दछ । तसर्थ यसका लागि निजि क्षेत्रसंग समन्वय र सहकार्य गरि आय मूलक कार्यमा लगानी गरी कर तथा शुल्क संकलन गर्नुपर्ने हुन्छ ।

### पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजस्व प्रशासनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशनमा ल्याउनु यस दिशातर्फको सकारात्मक कदम हुन सक्दछ । सकंलितराजस्वसार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ । त्यसै गरि कर शिक्षा वडास्तर सम्म पुगि नागरिकलाई जानकारी प्रदान गर्नु पारदर्शिताको राम्रो उदाहरण हुनसक्छ । तसर्थ यस्ता कार्यकमलाई निरन्तरता दिदै जानुपर्ने देखिन्छ

### परिवर्तित ब्यवस्था अनुसार राजस्वसंकलन

परिवर्तित ब्यवस्था अनुसार राजस्वसंकलनकोलागि कानूनी ब्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनकोलागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजस्व शिर्षकहरुमा समन्वयात्मक तरिकाले राजस्व संकलन गर्नु तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ । परिवर्तित सन्दर्भ अनुसारको राजस्व संकलनकोलागि सहयोगी हुने कानूनको नमूना ***अनुसूची २*** मा दिईएको छ ।

## ३.३ राजस्व प्रशासन तथा नीति सम्बन्धि सवालहरु

**उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा गाउँपालिकाको राजस्व परिचालन सम्वन्धमा निम्न मुद्दाहरु रहेको देखिन्छः**

- राजस्व प्रशासन सम्बन्धी आवश्यक ऐन, नियम तथा कार्यविधिहरु तयार नहुनु ।
- मंगला र आसपासका बजारमा ठुला होटलहरुको तथ्यांक संकलन नहुनु ।
- सबै वडामा रहेका सबै किसिमका व्यवसायको लगत संकलन नगर्नु ।
- संगठन संरचनामा बेग्लै राजस्व शाखाहुने भनि निर्णयगरि सोको व्यवस्था हुन नसक्नु ।
- राजस्वप्रशासनका लागि आवश्यक कर्मचारी, तालिम तथा कार्य सम्पादन मुल्यांकन नहुनु ।
- राजस्वसम्बन्धी बकौताको अभिलेख नहुनु ।
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरुको दायरा विस्तारमा विशेष पहल नगर्नु ।
- आन्तरिक राजस्वका सम्भावनाहरुको खोजी नभई अन्दाजको भरमा आय अनुमान गर्नु ।

## ३.४ आन्तरिक स्रोत तर्फका राजस्वसंकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

गाउँपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजस्वमध्ये यस गाउँपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरुको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

### क) मालपोत तथा भुमीकर

हालका दिनहरुमा यस गाउँपालिकाले भुमी तथा मालपोत करको रुपमा गाउँपालिका क्षेत्र भित्रका घर जग्गाको कर संकलन गर्दै आएको छ भने स्थानिय सरकार संचालन ऐन २०७४ शंसोधन भएपछि मालपोत एव भूमिकर र सम्पत्ति करको रुपमा पनि कर संकलन गर्नु पर्ने छ । मालपोत तथा भुमीकर यस गाउँपालिकाको सम्पत्ति कर जस्तै आन्तरिक आयको स्रोत हो ।

